नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(प्रशासन महाशाखा)

आन्तरिक प्रशासन शाखा

☎ ०१-४२६२५४३

प.सं.: ८ /०७६/७७

च.नं १९८

रामशाहपथ

काठमाडौं ।

मिति : २०७६।१०।१७

विषय : परिपत्र ।

श्री प्रशासन महाशाखा, स्वा.तथा ज. मन्त्रालय ।
श्री स्वास्थ्य समन्वय महाशाखा, स्वा.तथा जं. मन्त्रालय ।
श्री नी.यो. तथा अनुगमन महाशाखा, स्वा.तथा जं. मन्त्रालय ।
श्री गु.मा.तथा नियमन महाशाखा, स्वा.तथा जं. मन्त्रालय ।
श्री जनसंख्या व्यवस्थापन महाशाखा, स्वा.तथा जं. मन्त्रालय ।
श्री स्वास्थ्य सेवा विभाग टेकू, काठमाडौं ।
श्री आयुर्वेद तथा बैकल्पिक चिकित्सा विभाग, टेकू, काठमाडौं ।
श्री औषधि व्यवस्था विभाग, विजुलीबजार, काठमाडौं ।
श्री चिकित्सा विज्ञान प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं ।
श्री वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ।
श्री कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ।
श्री राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ।
श्री रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान
श्री पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ।
श्री विर अस्पताल, काठमाडौं ।
श्री कान्ति बाल अस्पताल, महाराजगंज काठमाडौं ।
श्री शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु ।
श्री मानसिक अस्पताल, पाटन ।
श्री परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली ।
श्री नरदेवी आयुर्वेद चिकित्सालय, नरदेवी, काठमाडौं ।
श्री पशुपति होमियोप्याथी चिकित्सालय, हरिहरभवन, ललितपु
श्री युनानी औषधालय, काठमाडौं ।
श्री मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर ।
श्री राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौं ।
श्री सिंहदरबार बैद्यखाना, काठमाडौं ।
श्री राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुर ।

प्रस्तुत सन्दर्भमा मन्त्रालय र मातहतको निकायवाट प्रवाह हुने सेवाहरुको विषयमा प्राप्त हुन आएका सुझाव तथा गुनासा लाई सम्वोधन गरी स्वास्थ्य क्षेत्रको सेवा प्रवाहमा एकरुपता, सहजता र गुणस्तरीयता कायम गर्न तपसिल वमोजिम मिति २०७६।१०।१५ मा (मा.मन्त्रिस्तर) निर्णय भएको हुँदा सोको जानकारी एवं कार्यान्वयनको लागि अनुरोध छ ।

**तपसिल** :

१. नेपाल सरकार र यस मन्त्रालयको लोगो प्रयोग गरी दातृ निकाय र गैर सरकारी संस्थाहरुको सार्वजनिक कार्यक्रम तथा प्रकाशन गर्ने गरेको गुनासाहरु आएको हुँदा यस्तो गर्नु पूर्व अनिवार्य रुपमा मन्त्रालयको पूर्व स्वीकृति वा सहमति लिने ।

२. मन्त्रालय र मातहत निकायले आफ्नो कार्यक्रम कार्यान्वयन नियमन लगायतका कार्य गर्न निर्देशिका वा कार्यविधि तयार गर्नुपूर्व प्रत्यायोजित कानुनी व्यवस्थाको अधिनमा रही मन्त्रालयबाट अनिवार्य रुपमा सहमति लिई थप प्रक्रिया अगाडि बढाउने ।

३. नेपाल सरकारको अस्पतालमा कार्यरत चिकित्सकहरुले निजि अस्पताल, क्लिनिक लगायतको निजि स्वास्थ्य संस्थामा कार्यालय समय बाहेक काम गर्नु पर्दा मन्त्रालयबाट स्वीकृती लिने र सरकारी अस्पतालको नाम तथा पदनाम समेत उल्लेख गरि संचालन गरेको सुनिन आएकोले उक्त कार्य गर्न नपाईने । यस कार्यमा नेपाल मेडिकल काउन्सिलबाट अनुगमन गरि प्रतिवेदन लिने र आचार संहितामा समेत समावेश गर्ने ।

४. मन्त्रालय मातहतका निकायमा कार्यरत कर्मचारीहरु विदेश भ्रमण/कार्यपत्र प्रस्तुति लगायत कार्यक्रममा सहभागिता गर्दा मन्त्रालयबाट स्वीकृति/अनुमति लिने, यस विपरीत कार्य भएमा प्रचलित कानुन, ऐन, नियम बमोजिम विभागीय कारवाही प्रक्रिया मन्त्रालयबाट गर्ने व्यवस्था गर्ने ।

५. यस मन्त्रालयसँग कार्यक्रम गर्न समझदारी वा स्वीकृती लिई कार्य गरेका विभिन्न संस्थाहरुले समेत माथि प्रकरण '३' को व्यवस्था अनिवार्य रुपमा पालना गर्ने ।

६. विभिन्न संस्थाहरुको कार्यक्रममा स्वदेश भित्र सहभागिता हुँदा सम्बन्धीत निकायको निमन्त्रणा पत्र र सो संग सरोकार राख्ने विषयमा कार्यालय प्रमुखको स्वीकृति लिने ।